नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०
सानोठिमी, भक्तपुर

पत्र संख्या
चलानी नम्बर

**माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ को नतिजाउपर पुनर्योग गरी पुनर्योगको नतिजामा चित्त नबुझेका परीक्षार्थीका लागि उत्तर पुस्तिका हेर्न निवेदन दिने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति :- २०८३।०३।०८**

माध्यमिक शिक्षा परीक्षा **(SEE)** २०८२ को परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरु मध्ये पुनर्योग गराउन निवेदन दिएका परीक्षार्थीहरूले पुनर्योगका लागि निवेदन दिएका विषयको नतिजाउपर चित्त नबुझेमा स्थगित नतिजा प्रकाशन, पुनर्योग, पुनःपरीक्षण, ग्रेडसिट एकीकृत, प्रमाणपत्रका त्रुटि तथा अभिलेख संशोधन सम्बन्धी निर्देशिका, २०८३ बमोजिम उत्तरपुस्तिका हेर्नका लागि यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र प्रति विषय रु २०००।– (दुई हजार) का दरले राजश्व खाता नं. १४२२३ मा रकम जम्मा गरी तपसिलका कागजातका सहित यस कार्यालयमा निवेदन दिनहुन सम्वन्धित परीक्षार्थीको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. निवेदन
२. विद्यालयको सिफारिस पत्र
३. ग्रेडसिटको प्रतिलिपि
४. कबुलियतनामा
५. पुनर्योग प्रयोजनका लागि राजस्व तिरेको सक्कल नगदी रसिद वा भौचर
६. परीक्षार्थी र अभिभावक बीचको नाता प्रमाणित पत्र

नोटः

१. उत्तरपुस्तिका हेर्न पाउँ भनी रितपूर्वक निवेदन दिएका परीक्षार्थीको उत्तरपुस्तिका विषयविज्ञ र अभिभावकसमेतको उपस्थितिमा हेर्ने व्यवस्था मिलाइने छ । यस कार्यालयले फोनमा सम्पर्क गरी उत्तरपुस्तिका हेर्न तोकेको दिनमा अभिभावकसहित स्वयम् अनिवार्य उपस्थित हुनुपर्नेछ ।
२. उत्तरपुस्तिका हेर्न पाउँ भन्ने निवेदन, कबुलियतनामाको ढाँचा र विद्यालयले सिफारिस गर्ने पत्रको ढाँचा **see.gov.np** बाट डाउनलोड गर्न वा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**पुनश्चः उत्तरपुस्तिका हेर्ने प्रक्रिया पूरा गरी सकेपछि पनि चित्त नबुझेमा पुनः परीक्षणका लागि समेत देहायको प्रक्रिया अनुसार निवेदन दिन सकिने छ ।**

माध्यमिक शिक्षा परीक्षा (SEE)२०८२ को परीक्षाको नतिजामा पुनर्योग गरी पुनर्योगको नतिजामा समेत चित्त नबुझी उत्तरपुस्तिका हेर्ने प्रक्रिया पूरा गरेका परीक्षार्थीले उत्तरपुस्तिका पुनः परीक्षणका गराउन चाहेमा उत्तरपुस्तिका हेरिसकेपछि सोही दिन वा तीन दिनभित्र पुनःपरीक्षण गराउन चाहेका विषयमा प्रति विषय रू. २०००।(दुई हजार) का दरले राजश्व शीर्षक नं. १४२२३ मा रकम जम्मा गरेको सक्कल भौचरसहित विषय खुल्ने गरी यस कार्यालयमा निवेदन दिनसक्ने व्यहोरा जानकारी गराइन्छ ।

**परीक्षा नियन्त्रक**

फोन न. ६६३०८१९,६६३०७३९,६६३००७० फाक्स ९७७६६३११४६